नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ती

प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ (एघारौं संशोधन २०८१) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सचिवालयमा विभिन्न पदका कुल ६६ जनाको दरबन्दी कायम रहेको भएपनि अति जरुरी पदमा मात्र नियुक्ति गरी जम्मा २० जनाको मात्र सचिवालय बनाएर मितव्ययी ढङ्गले कामकाज हुँदै आएको व्यहोरा यसअघि सम्माननीय प्रधानमन्त्रीज्यूको सचिवालयबाट विज्ञप्ति मार्फत स्पष्ट पारिसकिएको छ।

जेनजी युवा पुस्ता लगायत विभिन्न पक्षबाट उठाइएका प्रश्नलाई लिएर सम्माननीय प्रधानमन्त्रीज्यूले आफ्नो सचिवालय तथा विज्ञ समूहको आकार घटाउने निर्णय गर्नुभएको छ । जसअनुसार अब सचिवालयमा मुख्य सल्लाहकार -१, जनसम्पर्क सल्लाहकार -१, प्रमुख स्वकीय सचिव -१, प्रेस संयोजक -१, स्वकीय शाखा अधिकृत (फोटोग्राफर) -१ र जनस्वास्थ्य विज्ञ (अवैतनिक) -१ गरी ६ जना मात्र कायम राखी बाँकी सबै पदको नियुक्ति मिति २०८२ मंसिर ११ गतेदेखि लागू हुनेगरी खारेज गर्नुभएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

२०८२/८/१०

मितिः- २०८२/८/१० गते
नेपाल संवत्:- ११४६ थिंल्लाथ्व षष्ठी

हेमराज अर्याल
सहसचिव/प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np